# बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले एक बर्ष इन्टर्नसीप (Internship) गर्नुपर्ने व्यवस्था सम्बन्धमा अत्यन्त जरुरी सूचना

बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले नेपालमा लेखाव्यवसायको काम गर्नको लागि नेपालको लेखाव्यवसाय, लेखापरीक्षण गर्नुपर्ने निकायहरु, नेपालको ऐन नियमहरु, बिभिन्न नियमनकारी निकायहरुले जारी गरेका निर्देशिकाहरु सम्बन्धी व्यवहारीक ज्ञान आवश्यक देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६ को उपदफा (२) को अधिकार प्रयोग गरी बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले यस संस्थाको पेशागत प्रमाणपत्र प्राप्त गर्न मिति २०७२/०४/०१ देखि तथा यस संस्थाको सदस्यता प्राप्त गर्न मिति २०७४/०४/०१ देखि कम्तीमा एक बर्ष इन्टर्नसीप (Internship) गर्नु पर्ने व्यवस्था लागू गरिएको व्यहोरा सम्वन्धीत सबैमा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

यस सम्बन्धी विस्तृत जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, एक बर्षे इन्टर्नसिप कार्यविधि २०७१ संस्थाको Web site
http://www.ican.org.np/_downloads/one_year_internship_procedure2071.pdf मा हेर्न सकिने छ ।

नेपाल चार्टर्ड एकाउण्टेन्ट्स् संस्था
बबरमहल, पो.ब.नं. ५२८९, काठमाण्डौ
फोन : ४२६९१३०, ४२५८५६९, ४२५५६६८
विरगञ्ज फोन:०५१-५२२६६० विराटनगर फोनः ०२१-४७१३९५
बुटवल फोन :०७१-५४३६२९ पोखरा फोन : ०६१-५३७६७९